## '२३औं सशस्त्र प्रहरी दिवस-२०८०' को अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट सशस्त्र प्रहरी कर्मचारीहरुहरुको हकहितमा घोषणा भएका केही कल्याणकारी कार्यक्रमहरु

क) दर्जा अनुसार कल्याणकारी सेवा केन्द्रबाट उपलब्ध गराउँदै आएको सहुलियत ब्याजदरको नगद ऋण रकमको दायरालाई बृद्धि गर्दै राष्ट्रसेवकहरुले साविकमा पाउँदै आएको रकममा १ लाख रुपैयाँ थप गरिएको ।

ख) सहुलियत ऋण सुविधा प्राप्त गर्ने सेवा अवधी नपुगेका राष्ट्रसेवकहरुको लागि निजको आश्रित परिवारको कुनै सदस्यको बिवाह, ब्रतबन्ध, गुन्यूचोली, काजकिरिया आदि जस्ता धार्मिक तथा सामाजिक कार्यका लागि रु. ५० हजार सम्म सहुलियत ब्याजदरमा नगद ऋण प्रदान गरिने ।

ग) प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपमा परी बासस्थान क्षति भएका ५ बर्ष सेवा अवधी पुगेका राष्ट्रसेवकहरुले आवास बनाउन ईच्छुक भएमा निजहरुलाई बार्षिक ४ प्रतिशत व्याजदरमा न्यूनतम् ५ लाख देखि अधिकतम् १० लाख रुपैयाँसम्म सहुलियत ऋण उपलब्ध गराईने ।

घ) कर्तव्यपालनाका सिलसिलामा घाईते तथा अंगभंग भएका बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरुलाई राहत स्वरुप बार्षिक ४ प्रतिशत ब्याजदरमा सहुलियत ऋण उपलब्ध गराईने । आवश्यकता अनुसार अपाङ्गमैत्री सामाग्रीहरु खरिद गर्न निब्र्याजी १ लाख रुपैयाँसम्म सापटी उपलब्ध गराईने ।

ङ) चुनौतीपूर्ण कार्यक्षेत्रमा कर्तव्यपालनाकै सिलसिलामा मृत्युवरण गर्ने राष्ट्रसेवकका २ बर्षमुनिका नाबालकलाई पोषिलो आहार कार्यक्रम अन्तर्गत मासिक २ हजार उपलब्ध गराईने ।

च) राष्ट्रले निःशुल्क वितरण गरिने भनि तोकिएका बाहेक गुणस्तरीय औषधी तथा औषधीजन्य पदार्थहरु सर्वसुलभ र सहुलियत दरमा उपलब्ध गराउन नेपाल एपीएफ अस्पतालको हातामा सःशुल्क फार्मेसी सञ्चालनमा ल्याईने ।

छ) आगामी शैक्षिकसत्रबाट सुदूरपश्चिम प्रदेशको कञ्चनपुरमा नेपाल एपीएफ स्कूल सञ्चालनको लागि आवश्यक प्रक्रिया शुरु गरिने ।

ज) प्रत्येक बाहिनी तथा गणस्तरमा सामुदायिक र निजी विद्यालयहरुबीच विभिन्न शैक्षिक प्रतियोगिताहरु सञ्चालन गरी उत्कृष्ट विद्यालय एवं छात्रछात्राहरुलाई उचित सम्मान र पुरस्कारको व्यवस्था मिलाईने ।

झ) प्रचलित कानून बमोजिम भूमिहिनको परिभाषा भित्रपर्ने ७ बर्ष सेवा अवधि पूरा भएका सशस्त्र प्रहरी राष्ट्रसेवकहरुलाई अधिकतम् १० लाख रुपैयाँसम्म निब्र्याजी मासिक किस्ताबन्दीमा ऋण सुविधा उपलब्ध गराईने ।

ञ) सशस्त्र प्रहरी सेवाबाट सेवानिवृत्त भई स्वदेशमै व्यापार, व्यवसाय, कृषि, पशुपालन वा स्वरोजगारमूलक उद्योग सञ्चालन गर्ने मध्येबाट उत्कृष्ट उद्यमी छनौट गरी 'उत्कृष्ट उद्यमशिलता पुरस्कार' बाट सम्मान गर्नुका साथै उत्पादित मालबस्तुको बजारिकरणमा समन्वय र सहयोग गरिने ।

ट) पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुका सन्ततीहरु मध्येबाट योग्यता र दक्षता पुगेका सन्ततीलाई नियमानुसार नेपाल एपीएफ स्कूलमा अध्यापकको रुपमा रोजगारीको व्यवस्था मिलाईने ।

ठ) सम्मानजनक अवकाशको क्रममा रहेका राष्ट्रसेवकहरुलाई लक्षित गरी अवकाश पश्चात् आत्मनिर्भर हुनसक्ने गरी सिटिभिटीसँग आवश्यक समन्वय गरी विभिन्न सीपमूलक तथा आयमूलक प्राविधिक तालिमहरु सञ्चालन गरिने । उक्त तालिमहरुमा अवकाश प्राप्त राष्ट्रसेवकहरुका लागि पनि आवश्यक कोटा उपलब्ध गराईने ।

ड) राष्ट्रिय बाणिज्य बैंकबाट बिनाधितो सहुलियत ब्याजदरमा पेशाकर्मी सरल कर्जा उपलब्ध हुँदै आईरहेकोमा बिल्लादार, जवान तथा अन्य दर्जाका राष्ट्रसेवकहरुलाई १ महिना भित्र स्वीकृत हुने गरी न्यूनतम् १० लाख रुपैयाँसम्म ऋण उपलब्ध गराउनेतर्फ आवश्यक पहल गरिने ।

ढ) कर्तव्यपालनाके सिलसिलामा मृत्युवरण गरेका सशस्त्र प्रहरी उपरीक्षक स्व. सुमन थपलियाको स्मृतीमा निश्चित रकमको अक्षय कोष खडा गरी सो बापत प्राप्त हुने ब्याजबाट प्रत्येक बर्ष १ जनालाई बार्षिक २५ हजार राशीको **'बेस्ट इन्टिग्रिटी अफिसर'** अवार्ड प्रदान गरिने ।

ण) राष्ट्रसेवकहरुलाई कानूनी उपचारका लागि आवश्यक परामर्श प्रदान गर्न Legal Support Centre को स्थापना गरिने ।

त) राष्ट्रसेवकहरुको स्वास्थ्य स्थितिको निगरानी हेतु प्रत्येक ६/६ महिनामा सम्बन्धित युनिटमै अनिवार्य स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाईने ।

**आम सर्वसाधारणलाई जिम्मेवार र जवाफदेही बनाई सशस्त्र प्रहरीसँगको सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्य सहित सीमा सुरक्षा तथा बिकास कार्यक्रम Border Development Plan अन्तर्गत सञ्चालनमा ल्याईएका केही कल्याणकारी कार्यक्रमहरु**

क) सीमा इलाकामा बसोबास गर्ने आदिवासी जनजाति, दलित, अल्पसंख्यक, अति बिपन्न, पिछडिएको क्षेत्र/वर्ग एवं सीमान्तकृत समुदायका छात्रछात्राहरुले सामुदायिक विद्यालयबाट एसईई परीक्षामा उत्कृष्ट नतिजा (A तथा A+) ग्रेडिङ्ग हाँसिल गरी उत्तीर्ण हुने १५ जनालाई बार्षिक १२ हजारका दरले शैक्षिकबृत्ति प्रदान गरिने ।

ख) नेपालसँग अन्तर्राष्ट्रिय सीमाना जोडिएका जिल्लामा बसोबास गर्ने आम नागरिकका सन्ततीहरुबाट २ जनालाई नेपाल एपीएफ स्कूलमा कक्षा १० सम्म निःशूल्क अध्ययनको व्यवस्था मिलाईने ।

ग) अन्तर्राष्ट्रिय सीमाना जोडिएका जिल्लामा बसोबास गर्ने ५ बर्ष सेवा अवधी पुगेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई बार्षिक ४ प्रतिशत ब्याजदरमा न्यूनतम् ५ लाखदेखि अधिकतम् १० लाख रुपैयाँसम्म सहुलियत आवास कर्जा उपलब्ध गराईने ।

घ) कल्याणकारी सेवा केन्द्र र नेपाल एपीएफ अस्पतालले सरोकारवालाहरुसँग आवश्यक समन्वय गरी सीमा लक्षित प्रदेशस्तरीय बृहद् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने ।